**मिति २०८२/१/४ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१ कार्यविधि संसोधन गर्ने सम्वन्धमा ।

२. प्रदेश समपुरक अनुदानका योजना छनोट सम्बन्धमा ।

३. निजी जग्गाको माटो व्यवस्थापन सम्बन्धि आईइइ स्वीकृत गर्ने सम्बन्धमा ।

४. प्रा.स्वा.के.ठाडामा कार्यरत मेडिकल अधिकृतहरुको थप सुविधा माग निवेदन सम्बन्धमा ।

५. अहेव सुशिल कुमार भाटको निजी प्रयासमा अध्ययनको लागी असाधारण विदा माग सम्बन्धमा ।

६. आर्थिक सहायता सम्बन्धमा ।

७. कक्षा थप अनुमती सम्बन्धमा ।

८. कक्षा ८ को परिक्षा संचालन समितिको संयोजक हेरफेर सम्बन्धमा ।

९. डेलिगेसन जाने सम्बन्धमा ।

१०. मुसियान खोला ठेक्का व्यवस्थापनमा प्राप्त निवेदन सम्बन्धमा ।

११. सिमलपानी स्वास्थ्य चौकीमा ल्याव व्यवस्थापन सम्बन्धमा ।

१२. विविध सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिका अन्तरगत रहेको विधायन समितिबाट संशोधनको लागि पेश हुन आएको शितगंगा नगरपालिकाको निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, माटो आदी उत्खनन संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्वन्धी कार्यविधि, २०८१ को तपशिल वमोजिमका दफाहरु संशोधन, थप र खारेजी गर्ने निर्णय गरियो ।

**तपशिल**

**(क)** कार्यविधिको दफा ९ को उपदफा (२) को (ग) को सट्टामा निजी नम्वरी जग्गासँग जोडिने निजी नम्वरी जग्गाको हकमा सधियार र छिमेकी समेतको चौकिल्ला खुल्ने वडा कार्यालयबाट प्रमाणित सर्जमिन मुचुल्का ।

**(ख)** दफा १७ मा (ज) थप गरि यस कार्यविधि वमोजिम उत्खनन् र निकासी गर्दा छिमेकी र सधियारहरुलाई प्रतिकूल असर नपर्ने गरी गर्ने र सधियारको जग्गा भौतिक संरचना बिग्रिएमा वा क्षति भएमा सम्वन्धित जग्गा धनिले क्षतिपुर्ति व्यहोर्नु पर्ने ।

**(ग)** कार्यविधिको दफा १८ (घ) मा भएको व्यवस्था खारेज गर्ने ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको २०८२/०८३ को लागि प्रदेश समपुरक अनुदानका योजनाको प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना बमोजिम यस

नगरपालिकाका तपशिलका योजनाहरु आगामी आर्थिक वर्षको लागि प्रदेश समपुरक अनुदानमा संचालन गर्न प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

**तपशिल**

(क) सितापुर सुवर्णखाल चौपारी नेटापोखरा सडक स्तरोन्नती रु ५ करोड

(ख) सातमारा लाहापे सिलिङ्गखोला चिदिचौर सडक स्तरोन्नती रु ५ करोड

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको निजी जग्गाको ढुङ्गा, गिट्टी, बालुवा, माटो आदी उत्खनन संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८१ बमोजिम गंगा थापाको नाममा शितगंगा नगरपालिका वडा नं. १४ मा रहेको कि.नं ६ र ५४ उल्लेख भएको निजी जग्गाको माटो व्यवस्थापन गर्न स्वीकृत TOR बमोजिम रिसर्च इन्जिनियरिङ्ग एण्ड इन्भारोमेन्ट कन्सल्ट प्रा.लि. र वडा नं १२ निवासी तारादेवी थापाको नाममा रहेको कि.नं.६५, ६७, ६८, २१८ र २१९ उल्लेख भएको निजी जग्गाको माटो व्यवस्थापन गर्न स्वीकृत TOR बमोजिम डेलिगेन्स कन्सल्टेन्स प्रा.लि.ले पेश गरेका प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (आईइइ) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र ठाडामा कार्यरत मेडिकल अधिकृत कर्मचारीहरुले थप सुविधा उपलब्ध गराई दिन भनि दिएका निवेदन आजको बैठकमा पेश भई छलफल गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका अर्न्तगत हाल जुकेना स्वास्थ्य चौकीमा कार्यरत अहेव सुशिल कुमार भाटले निजी खर्चमा अध्ययन गर्न असाधारण विदा पाउँ भनि दिएको निवेदन आजको बैठकमा छलफल भयो । निजलाई वढीमा ३ वर्षको वेतलवी असाधारण विदा स्वीकृत गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाका विभिन्न वडामा विभिन्न घटना भई आर्थिक समस्या भएका व्यक्तिहरुलाई शितगंगा नगरपालिकाको विपद कोष व्यवस्थापन तथा आर्थिक सहयोग कार्यविधि २०७९ र मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदन्ड पक्षघातका विरामीलाई औषधी उपचार वापत खर्च उपलव्ध गराउने सम्बन्धी कार्यविधि, २०७८, वमोजिम नबाझिने गरि आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरियो ।

**तपशिल**

१. शिनपा १ निवासी गुणाखर अधिकारीको छोरा सृष्टि अधिकारीको श्रीमान मिन प्रसाद अधिकारीको दुवइमा मृत्यु भएकोले रु १०,०००। आर्थिक सहयोग प्रदान गर्ने । (काज क्रिया खर्च)

२. वडा नं. ११ निवासी झविलाल दर्जि दुवै मृगौला खराब भई [illegible] सामुदायिक अस्पतालमा उपचार गराई रहेकोले निजलाई रु २५,००० आर्थिक सहायता प्रदान गर्ने । (उपचार खर्च)

३. वडा नं. ५ निवासी कमला वेल्वासे लामो समय देखि मुटुको समस्या भएकोले निजलाई रु २५,०००। आर्थिक सहायता प्रदान गर्ने । (उपचार खर्च)

४. शितगंगा नगरपालिका वडा नं ६ निवासी सुशिल भट्टराई र टोमकला घर्ति लाई  जनही रु १०,०००। आर्थिक सहयोग प्रदान गर्ने । (उपचार खर्च)

५  शितगंगा नगरपालिका वडा नं १२ निवासी लेख वहादुर सारुलाई काजक्रिया खर्च वापत हकवालालाई रु १०,०००। आर्थिक सहयोग प्रदान गर्ने ।

६. शितगंगा नगरपालिका वडा नं १२ निवासी दान वहादुर घर्तिको घरमा आगलागि भएकोले निजलाई रु १५,०००। आर्थिक सहयोग प्रदान गर्ने ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका भित्रका विभिन्न विद्यालयहरुले थप कक्षा संचालनको लागि अनुमती माग गरेकोमा तपशिल बमोजिमका विद्यालयलाई तपशिल अनुसारको थप कक्षा संचालनको लागि तीन वर्ष सम्म यस कार्यालयले आर्थिक दायित्व नलिने गरी अनुमती दिने निर्णय गरियो ।

**तपशिल**

(क) जनजागृती आ.वि. शिनपा ७ लाई कक्षा ५ संचालनको लागि अनुमती दिने ।

(ख) शंकर ज्योती मा.वि. शिनपा ९ लाई कक्षा १० संचालनको लागि अनुमती दिने ।

(ग) शम्भु आ.वि. शिनपा ११ लाई कक्षा ६ संचालनको लागि अनुमती दिने ।

(घ) गंगा आ.वि. शिनपा १४ लाई कक्षा ५ संचालनको लागि अनुमती दिने ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा मिति २०८१/१०/२७ को कार्यपालिकाको बैठकबाट कक्षा आठको परिक्षा संचालनको लागि शिक्षा अधिकृत बिनोद पोखेलको संयोजकत्वमा समिति गठन भएकोमा हाल निज सेवाकालिन तालिममा गएको हुँदा उक्त समितिको संयोजक प्रमुख प्रशासकीय अधिकृतलाई तोक्ने र फर्किआए पछि निज शिक्षा अधिकृत बिनोद पोखेलले नै काम गर्न तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा संघीय सरकारसँग यस नगरपालिकाको ठाडामा इलाका प्रशासन कार्यालय स्थापनाको लागि र विकास निर्माणको लागि विभिन्न योजनाहरु माग समेतको कार्यमा आवश्यक समन्वय समेत गर्न यस नगरपालिकाको तर्फबाट नगर प्रमुखको संयोजकत्वमा डेलिगेसन जाने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १३ मा पर्ने मुसियान खोलाबाट नदिजन्य पदार्थ उत्खनन गरी विक्री गर्ने कार्यको लागि सूचना प्रकाशन गरी सम्झौताको लागि पत्राचार गरिएकोमा

बाणगंगा नगरपालिका वडा नं. ९ उत्तम नगर भर्लाबास कमिटीले १९६ जनाको उपस्थितिको फोटोकपी सहित उक्त खोलाबाट उत्खनन भएमा सो भन्दा तल सिंचाई भईरहेको नहरको पानी सुक्ने र खानेपानीको श्रोत समेत सुक्ने भएकोले उत्खनन् नर्गन भन्ने समेतको व्यहोरा उल्लेख गरी दिएको निवेदन उपर आजको बैठकमा छलफल भयो । उक्त सन्दर्भमा वडा नं. १३ का वडाध्यक्षबाट सम्वन्धित सरोकारवालाहरुको समन्वयमा पहल गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ११</u>**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १३ मा रहेको सिमलपानी स्वास्थ्य चौकीमा ल्यावको कर्मचारी पठाईएको तर ल्याव संचालन गर्न आवश्यक पर्ने न्यूनतम सामग्री खरिद गर्न हाललाई रु ४०,०००। उपलब्ध गराउने निर्णय गरियो

**<u>निर्णय नं. १२</u>**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

**(क)** वडा नं २ को डम्मरुदह र पाँडे गैराको सडक वत्ति, वडा नं ४ को चिस्यान केन्द्र, वडा न. ४ को कृषि उपज संकलन केन्द अमराइ वजारमा संचालन रहेकामा सो समेतको विद्युत विल भूक्तानी हुन नसकी विद्युत लाईन अवरुद्ध भएकोले सो विद्युत विल हाल सम्मको रकम भुक्तानी गर्ने र अब उप्रान्त सो को स्वामित्व सम्वन्धित वडा कार्यालयहरुको नाममा विद्युत मिटर नामसारी गरी सो को स्वामित्व वडा कार्यालयहरुलाई नै जिम्मा दिने निर्णय गरियो । साथै हालको लागी प्रा.स्वा.केन्द्रको विजुली महशुल ६००००।- सम्म भुक्तानी गर्ने

**(ख)** यस नगरपालिकाको वडा नं १२ को हरिओम खोला- धौले टाकुरा- टर्रे सम्म्मको सडकको प्रचलित कानुन विपरित नहुने गरी स्तरवृद्धि गर्न अनुमती दिने निर्णय गरियो ।

**(ग)** तपशिल वमोजिमका योजनाहरु संचालन गर्न माग भई आएकोले कार्यान्वयन गर्ने क्रममा आर्थिक श्रोत सुनिश्चित हुन सकेमा कार्यान्वयन गर्न कार्यादेश दिने र श्रोत सुनिश्चित हुन नसकेमा आगामी आ.व.मा कार्यान्वयन गर्न पहल गर्ने निर्णय गरियो ।

१. वडा नं ११ को वेलखोलामा खोलाले जग्गा कटान गरी क्षति भएको भनि तिलक वहादुर सारुको निवेदन वमोजिम वेल खोलामा ग्याविन जाली निर्माणको लागि रु २,०००००।

२. वडा न.९ को नयाँ खोला-नयाँवस्ती-सुख्खा खोलाको डोड निर्माण र सो जग निर्माण गर्न रु २,०००००।

**(घ)** यस आ.व.मा सुरक्षित नागरिक आवास कार्यक्रम तर्फ १७ जना लाभग्राहीलाई सुरक्षित नागरिक आवास निर्मार्णको लागि १४ वटा वडाहरुको लागि सम्वन्धित वडा कार्यालयको सिफारिस बमोजिम १/१, उप-प्रमुखको सिफारिसमा १ जना र नगर प्रमुखको सिफारिसमा २ जना हुने गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।